त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
कानून संकाय, डीनको कार्यालय
**FACULTY OF LAW, DEAN'S OFFICE**

पत्र संख्याः-
**Ref. No.**
चलानी नं:-

विद्यावारिधि कार्यक्रमको छनौट समिति

मितिः २०८३।०४।२८

## विद्यावारिधि (Ph.D.) तह शैक्षिक सत्र २०८३/०८४ मा शोद्यार्थीहरू भर्नाका लागि दरखास्त आह्वान सम्बन्धी जरूरी सूचना !!

यस कानून संकायद्वारा सञ्चालित विद्यावारेधि **(Ph.D.)** कार्यक्रम अन्तर्गत **शैक्षिक सत्र २०८३।०८४ मा** भर्ना भई अध्ययन गर्न इच्छुक योग्य **उम्मेदवारहरूका लागि सिट संख्या जम्मा १० (८ सिट स्वदेशी शोद्यार्थीहरूको लागि र २ सिट विदेशी शोद्यार्थीहरूका लागि)** आवेदन फारम खुल्ला गरिएको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

**दरखास्त फारमः**

**त्रि.वि.कानुन संकाय विद्यावारिधि कार्यकम सञ्चालन विनियम,२०७५ को विनियम नं.४ बमोजिम** विद्यावारिधि उपाधिको लागि उम्मेदवार हुन स्वदेशी वा विदेशी नागरिकले देहाय बमोजिमको योग्यता पुरा गरेको हुनुपर्नेछ।

(क) त्रि.वि. वा मान्यता प्राप्त विश्वविद्यालयबाट **कानूनमा स्नातकोत्तर (एलएल.एम./एम.एल.) वा सो सरहको तह कम्तिमा द्वितीय श्रेणी वा ३.० सिजिपिए (CGPA)** वा सो सरह ग्रेडमा उतीर्ण गरी उच्च शिक्षा योग्यता प्रारूप (Higher Education Qualification Framework ) ले निर्धारण गरेको योग्यता पूरा गरेको ।

(ख) सम्बन्धित विषयमा **द्वितीय श्रेणी वा ३.० सिजिपिए (CGPA)** वा सो सरहको ग्रेडमा स्नातकोत्तर उपाधि प्राप्त गरी **२ वर्षको कार्य अनुभव** भएको ।

(ग) **प्रथम श्रेणीको प्राप्तांक वा ३.३ सिजिपिए (CGPA)** वा सो सरहको ग्रेड सहितको स्नातकोत्तर उपाधि प्राप्त गरी **१ वर्षको** कार्य अनुभव भएको ।

(घ) **विशिष्ट श्रेणीको प्राप्तांक वा ३.७ सिजिपिए (CGPA)** वा सो सरहको ग्रेड सहितको स्नातकोत्तर उपाधि प्राप्त गरेकाहरूको लागि **कार्य अनुभव अनिवार्य हुनेछैन ।**

(ङ) विद्यावारिधिको लागि भर्ना हुन चाहने उम्मेदवारले **कम्तिमा दुईवटा समकक्ष समिक्षित लेख (Peer Reviewed Article)** प्रकाशन गरेको हुनुपर्नेछ ।

Phone No.: +977-01-5326586, 01-5330516, P.O. Box No.: 19445, Balkhu Kathmandu, Nepal
E-mail: admin@fol.tu.edu.np Website: fol.tu.edu.np

त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
कानून संकाय, डीनको कार्यालय
FACULTY OF LAW, DEAN'S OFFICE

पत्र संख्या:-
**Ref. No.**

विद्यावारिधि कार्यक्रमको छनौट समिति

चलानी नं:-

मिति: २०८३।०४।२८

**दरखास्त साथ देहायका कागजातहरू (Documents) अनिवार्य बुझाउनु पर्नेछ :**

- **एस.एल.सी./एसईई देखि कानूनमा स्नातकोत्तर तह** पुरा गरेको लब्धाङ्क पत्र, नागरिकता र चारित्रिक प्रमाण पत्रको नोटरी पब्लिकबाट प्रमाणित छायाँ प्रतिहरू ।
- विदेशी विश्वविद्यालयबाट प्राप्त उपाधिहरूको हकमा त्रि.वि.बाट समकक्षता निर्धारण गरिएको प्रमाणपत्रको छायाँ प्रति ।
- काय अनुभवको प्रमाणपत्रको छायाँ प्रति
- व्यक्तिगत विवरण ३/३ प्रति ।
- भर्नाका लागि आवेदन गर्नेहरूले **फारम शुल्क वापत रू.३,०००।-**, प्रवेश परीक्षा शुल्क वापत **रू.५,०००।-** र लेखहरूको मूल्यांकन शुल्क वापत **रू.५,०००।-**गरी **जम्मा रू.१३,०००।-** शुल्क बुझाउनु पर्नेछ ।
- **दरखास्त फारम कानून संकाय, डीनको कार्यालय, बल्खु, काठमाण्डौ**बाट निर्धारित शुल्क **जम्मा रू.१३,०००।-** जम्मा गरेको सक्कल भौचर बुझाई प्राप्त गर्न सकिनेछ ।
- उल्लिखित रकम कानून संकाय, डीनको कार्यालय (**KANOON SANKAYA DIN KARYALAYA**) को नाउँमा नेपाल बैंक लिमिटेडमा रहेको **चल्ती हिसाब नं.२१७००१००१९२४३४००००01** मा जम्मा गरी सोको सक्कल भौचर बुझाउनु पर्नेछ ।
- रित नपुगेको, तोकिएको प्रमाण खुल्ने कागजात पेश नभएको तथा म्याद नाघी आउने आवेदन उपर कुनै कारवाही गरिने छैन ।
- प्रवेश परीक्षा-**लिखित परीक्षा ८०, अनुसन्धान लेखहरूको मूल्यांकन १० र अन्तर्वार्ता १० गरी जम्मा १००** पूर्णाङ्कको हुनेछ ।
- प्रवेश परीक्षाको लागि स्नातकोत्तर (एलएल.एम./एम.एल.) तहको **Jurisprudence and Research Methodology** विषयगत **Subjective** विषयहरू निर्धारण गरिएको छ। प्रवेश परीक्षामा **Jurisprudence**

Phone No.: +977-01-5326586, 01-5330516, P.O. Box No.: 19445, Balkhu Kathmandu, Nepal
E-mail: admin@fol.tu.edu.np Website: fol.tu.edu.np

त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
कानून संकाय, डीनको कार्यालय
FACULTY OF LAW, DEAN'S OFFICE

पत्र संख्याः-
Ref. No.

विद्यावारिधि कार्यक्रमको छनौट समिति

चलानी नं:-

मितिः २०८३।०४।२८

विषयबाट **४० पूर्णाङ्क** र **Research Methodology** विषयबाट **४० पूर्णाङ्क** गरी जम्मा **८० पूर्णाङ्कको लिखित प्रवेश परीक्षा** हुनेछ ।

**दरखास्त फाराम वितरण, दर्ता मिति र समयः**

- दरखास्त फारम **मिति २०८३ श्रावण २८ गते विहिबार देखि २०८३ भाद्र २६ गते शुकवार** सम्म प्राप्त गर्न र बुझाउन सकिनेछ ।
- दरखास्त फारम **कानून संकाय डीनको कार्यालय, विद्यावारिधि शाखाबाट विहान ०९:०० बजे देखि ५:०० बजेसम्म** वितरण र दर्ता गरिनेछ ।

**प्रवेश परीक्षा सञ्चालन हुने मिति, समय र स्थानः**

प्रवेश परीक्षा **मिति २०८३ असोज ०४ गते आईतवार दिनको ११:०० बजेदेखि २:०० बजेसम्म कानून संकाय, डीनको कार्यालय, बल्खु** काठमाण्डौंमा हुनेछ ।

**नोटः** *अन्य विस्तृत जानकारीका लागि कानून संकाय, डीनको कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ।*

**बोधार्थ तथा कार्यार्थ**

१. श्री आर्थिक प्रशासन शाखा, कानून संकाय, डीनको कार्यालय,बल्खु, काठमाण्डौ ।

२. श्री विद्यावारिधि शाखा, कानून संकाय, डीनको कार्यालय,बल्खु, काठमाण्डौ ।

डा.नेवल चौधरी

सहायक डीन एवं सदस्य सचिव

विद्यावारिधि कार्यक्रमको छनौट समिति

कानून संकाय,त्रि.वि.

Phone No.: +977-01-5326586, 01-5330516, P.O. Box No.: 19445, Balkhu Kathmandu, Nepal
E-mail: admin@fol.tu.edu.np Website: fol.tu.edu.np